मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

Purwanchal National Daily

◆ वर्ष : २८ ◆ अङ्क : ४१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ पुस १३ गते बुधबार (Wednesday, December 28. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**चिसो मौसममा मुटु लगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं ।

**जाडोको जोखिमबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## माओवादी संसदीय दलको नेतामा आङ्बो सर्वसम्मत



**झापा, पुस १२।** नेकपा माओवादी केन्द्र प्रदेश नं. १ संसदीय दलको नेतामा इन्द्रबहादुर आङ्बो सर्वसम्मत चयन भएका छन् ।

पाँचथर क्षेत्र नं. २बाट प्रदेशसभामा निर्वाचित आङ्बोलाई मंगलवार बसेको संसदीय दलको बैठकले नेतामा चयन गरेको हो । माओवादी केन्द्रका ज्येष्ठ प्रदेश सांसद नारायणबहादुर मगरको अध्यक्षतामा बसेको बैठकले आङ्बोलाई सर्वसम्मत नेता चयन गरेको पार्टीका प्रदेश सचिबसमेत रहेका प्रदेशसभा सदस्य गणेश उप्रेतीले जानकारी दिए ।

संसदीय दलको बैठकमा माओवादी केन्द्रका सचिव तथा प्रदेश १ इञ्चार्ज राम कार्की, पोलिटब्यूरो सदस्य तथा प्रदेशका सहइञ्चार्ज सावित्रीकुमार काफ्ले, पार्टीका प्रदेश अध्यक्ष हर्कबहादुर नेम्वाङ समेतको सहभागिता थियो । यसअघि दलको नेतामा तेह्रथुम २बाट निर्वाचित पार्टीका केन्द्रीय सदस्य दुर्गाप्रसाद चापागाईंले पनि आकांक्षा राखेको चर्चा थियो । तर, उनले पनि आङ्बोलाई समर्थन गरेका थिए ।

आर्थिक मामिला तथा योजनामन्त्री रहेका आङ्बो प्रदेश १को मुख्यमन्त्रीको दावेदारसमेत छन् । माओवादी संसदीय दलको बैठकले मुख्यमन्त्रीको दावीसहित

(बाँकी अन्तिम पृष्ठमा)

# कोरोनाको नयाँ भेरियन्ट फैलिँदै

## झापामा सतर्कता अपनाउन आग्रह

**झापा, पुस १२।** जिल्ला विपद् व्यवस्थापन केन्द्र झापा (डीसीएमसी)ले छिमेकी देशहरुमा कोरोना भाइरसको नयाँ भेरियन्ट वीएफ-७ फैलिइरहेको भन्दै जिल्लामा सतर्कता अपनाउन आग्रह गरेको छ ।

झापाका प्रमुख जिल्ला अधिकारी छवि रिजालको अध्यक्षतामा डीसीएमसी झापाको मंगलवार सम्पन्न बैठकले खुल्ला सीमाना एवम् मानिसहरुको अनियन्त्रित आवतजावतका कारणले नेपालमा पनि संक्रमणको जोखिम उच्च रहेकाले यसको रोकथाम एवम् नियन्त्रणका लागि आम जनसमुदाय सजग हुन जरुरी रहेको जनाएको छ ।

जनस्वास्थ्यका मापदण्ड नियमित रुपमा पालना गर्न/गराउन जिल्लास्थित सबै राजनीतिक दल, जनप्रतिनिधि, सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संघ-संस्था तथा सञ्चारमाध्यमहरुलाई नागरिकलाई सुसूचित गर्ने काम गर्न अनुरोध गरेको छ ।

बैठकले काँकरभिट्टा नाकामा रहेको हेल्थ डेस्कलाई पूर्ण रुपमा सञ्चालन ल्याउने र मेचीनगर नगरपालिका, नेपाली सेना लगायतको सहयोग र समन्वयमा होल्डिङ सेन्टर तयारी अवस्थामा राख्ने निर्णय गरेको छ । कोभिड-१९बिरुद्धको पहिलो श्रृंखलाभन्दा बुष्टर डोज मात्र लगाउने मानिसहरुको प्रतिशत झापा जिल्लामा तुलनात्मक रुपमा न्यून रहेको हुँदा प्रदेश १को स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बिराटनगरसँग खोप माग गरी यथाशीध्र बुष्टर मात्रा ल्याएर खोप अभियान सञ्चालन गर्न स्वास्थ्य कार्यालय झापाले आवश्यक संयोजन गर्ने भएको छ ।

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्रीहरुको बफर स्टक राख्न अस्पतालहरु, स्वास्थ्य कार्यालय,



स्थानीय तह लगायत सबै सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको छ । विद्यालय, बढी भीडभाड हुने स्थल, सपिङ मल तथा हाट बजारमा अनिवार्य मास्क लगाउन अनुरोध गर्ने निर्णय बैठकले गरेको छ ।

बैठकले अस्पताल लगायत स्वास्थ्य संस्थाहरूमा उच्च सावधानी अपनाउने, जनशक्ति, स्वास्थ सामग्री, अक्सिजन शिलिण्डरको पर्याप्त व्यवस्थापन गर्न सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरेको छ । त्यस्तै नेपाली सेनालाई मेचीनगर-१४ दुवागढीको होल्डिङ सेन्टरमा एकसय बेड तयारी अवस्थामा राख्न अनुरोध गर्ने, जिल्लाका गैरसरकारी संस्थाहरुले कोराना रोकथामका उपायबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने गराउने भनिएको छ ।

त्यसैगरी जिल्लाका सबै सञ्चारमाध्यमलाई सचेतना कार्यक्रम बिस्तारका लागि अनुरोध गर्ने, सीमा-नाकामा थप सचेतता अपनाउने र शंकास्पद संक्रमित व्यक्तिलाई सीमानाकामै परीक्षण गर्ने व्यवस्था मिलाउने, जिल्लास्थित सबै उद्योग वाणिज्य संघ, व्यवसायिक प्रतिष्ठान तथा उद्योगहरुले आ-आफ्नो कर्मचारी/कामदारलाई स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरेर मात्र काममा लगाउने निर्देशन दिने निर्णय गरेको छ ।

## विद्यालयमा सिकाइ उपलब्धी घटेकोमा चिन्ता



**झापा, पुस १२।** झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागीले संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी कम देखिएको औंल्याएका छन् ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल जिल्ला कार्यसमिति झापाले आयोजना गरेको 'शैक्षिक गुणस्तर अभिवृद्धिमा सरोकारबालाहरुको भूमिका' विषयक कार्यक्रमका सहभागीले सामुदायिक विद्यालयको तल्लो तहमा भन्दा माथिल्लो तहमा सिकाइ उपलब्धी समेत घट्दै गएको बताएका हुन् ।

स्थानीय निकायले शिक्षा क्षेत्रमा वजेट न्यून छुट्याउनु, बाल बिकासको व्यवस्थापनमा स्थानीय निकायले ध्यान नदिनु, राजनीतिक दलका जिम्मेवार पदमा शिक्षक रहनु, सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको दैनिक उपस्थितिको लेखाजोखा नहुनु तथा शिक्षक नयाँ-नयाँ ज्ञान र सिपसहित प्रविधिमैत्री बन्न नसक्नुले पनि सामुदायिक विद्यालयको सिकाइ उपलब्धी अपेक्षा गरिए अनुसार हुन नसकेको औंल्याइएको छ ।

प्रतिनिधिसभा सदस्य केआर खम्बूको प्रमुख आतिथ्य तथा शिक्षाका लागि राष्ट्रिय अभियान नेपााल झापाका अध्यक्ष अर्जुनकुमार पाठकको अध्यक्षतामा कार्यक्रम भएको थियो । विराट सामुदायिक अध्ययन केन्द्रको समेत सहकार्यमा भएको कार्यक्रममा मोहनप्रसाद ओली, युवराज पाण्डे र टंक सेढाईले कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यपत्रमा झापामा बालविकास केन्द्रको सङ्ख्या ७०५ वटा रहेको र बालविकासमाा विद्यार्थी सङ्ख्या १५ हजार १ सय ७८ रहेको उल्लेख छ । त्यस्तै आधारभूत तहमा विद्यालय सङ्ख्या ३ सय ६३ र विद्यार्थी सङ्ख्या १ लाख ५५ हजार ९ सय ३१ रहेको उल्लेख छ । जसमा छात्राको प्रतिशत ४७.६९ छ ।

यता माध्यमिक तहमा विद्यालय सङ्ख्या ३ सय ७२ र विद्यार्थी सङ्ख्या ५९ हजार ९ सय ३९ रहेको उल्लेख छ । जसमा छात्राको प्रतिशत ५१.४५ छ । धार्मिक विद्यालय सङ्ख्या ७२ सामुदायिक सिकाइ केन्द्र सङ्ख्या २८ र खुलाबिद्यालय १५ वटा रहेको उल्लेख छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## व्यक्तिगत सुरक्षाकर्मी ४८ घण्टाभित्र फिर्ता गर्न निर्देशन

**झापा, पुस १२।** नेपाल सरकारले विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था गरिएको भन्दा विपरीत सेवासुविधालगायत व्यक्तिगत सुरक्षाकर्मी, सहयोगी राखेको भए ४८ घण्टाभित्र फिर्ता गर्न निर्देशन दिएको छ ।

गृहमन्त्रालयले मंगलवार एक विज्ञप्ति जारी गरी सो कार्यविधि पालना गर्न




सहयोग गरिदिन आग्रह गरेको हो । सरकारले विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापनलाई अझ प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन विशिष्ट व्यक्तिको सुरक्षा र सम्मानलाई ध्यान दिँदै उक्त कार्यविधि कार्यान्वयनमा रहेको छ ।

कार्यविधिमा तोकिए अनुसारका बहालवाला तथा पूर्वकर्मचारी/सुरक्षाकर्मीले व्यक्तिगत सुरक्षाकर्मीको सुविधा पाउने व्यवस्था रहेको छ ।

## बैंकिङ कसूरमा फरार दुई जना पक्राउ

**खोटाङ, पुस १२।** बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी दुई जना पक्राउ परेका छन् ।

धादिङ धुनिवेशी नगरपालिका-५ घर भई चितवन भरतपुर बस्ने ५१ वर्षीय पञ्चम अकौलिया र खोटाङ ऐसेलुखर्क गाउँपालिका-८ घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका-१० बस्ने ४८ वर्षीय जयकृष्ण राईलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरूमध्ये पञ्चम उच्च अदालत पाटनको २०७९ जेठ २४ गतेको फैसलाले ५ दिन कैद र १३ लाख ५० हजार रूपैयाँ जरिवाना र जयकृष्णलाई सोही अदालतको २०७९ कात्तिक २९ गतेको फैसलाले २ दिन कैद र ५ लाख जरिवाना ठहर भई फरार रहेका थिए । उनीहरूलाई केन्द्रीय अनुसन्धान व्यूरो महाराजगञ्जबाट

(बाँकी अन्तिम पृष्ठमा)

## रेडक्रस भद्रपुरको सभापतिमा पुनः गिरी

**भद्रपुर, पुस १२।** नेपाल रेडक्रस सोसाइटी, भद्रपुर उपशाखाको सभापतिमा गोपाल गिरी पुनः सर्वसम्मत निर्वाचित भएका छन् ।

सोसाइटीको आगामी दुई वर्षे कार्यकालका लागि सभापति गिरीसहित सम्पूर्ण कार्यसमिति सर्वसम्मत निर्वाचित भएको हो ।



समितिको उपसभापतिमा शर्मिला अधिकारी, सचिवमा केदार महत, कोषाध्यक्षमा रमेश भण्डारी, उपसचिवमा धनकुमारी खरेल (लता) [redacted] उपकोषाध्यक्षमा मञ्जु दाहाल पोख्रेल [redacted] निर्विरोध निर्वाचित भएका छन् ।

त्यस्तै सदस्यहरुमा मुरारी पोख्रेल, [redacted] सीता भण्डारी, मित्रप्रसाद अधिकारी [redacted] विकास कोइराला तथा महिला [redacted] सदस्यमा लता कार्की चापागाँई पनि [redacted] निर्विरोध निर्वाचित भएको निर्वाचन [redacted] समितिले जनाएको छ । सभापति गि[redacted]ल भद्रपुर [redacted]इसकेका छन् । [redacted]पशाखाको [redacted] बुधवार हुने [redacted]टीले जानकारी [redacted]

# भूमिमा महिलाको स्वामित्व नहुँदा मानव बेचबिखन

**लक्ष्मी उप्रेती**

**मेचीनगर, मेचीगर १२।** भूमिमा स्वामित्व नभएका कारण पनि मानव बेचबखिन हुने गरेको एउटा अध्ययनले देखाएको छ ।

गैरसरकारी संस्था शक्ति समूहको अध्ययन पश्चात सार्वजनिक भएको प्रतिवेदनमा ८० प्रतिशत महिलाहरुको भूमिमा स्वमित्व नभएको उल्लेख छ । भूमिमा स्वामित्व नहुँदा बैदेशिक रोजगार तथा अन्य आयमूलक कामको थालनीको लागि बैङ्किक सुविधामा पहुँच नहुँदा बेचबिखनमा पर्ने अध्ययनले देखाएको हो ।

झापाको मेचीनगरमा मंगलवार आयोजित अन्तरदेशीय मानव बेचबिखन प्रभावितहरुलाई कोभिड-१९ ले पारेको प्रभावको सन्दर्भमा तयार पारिएको खोजमूलक अध्ययन प्रतिवेदन २०७९ सार्वजनिक कार्यक्रममा प्रस्तुत प्रतिवेदनमा दिगो जीविकोपार्जनको विकल्प नहुनुलाई पनि बेचबिखनको कारण मानिएको छ ।

बेचबिखनबाट प्रभावितहरुसँग ४ वटा कार्यशाला गोष्ठी, ८५ जना बेचबखिन प्रभावितहरुको घटनाहरुको विश्लेषणसँगै सरकारी सेवाप्रदायक निकायहरु, स्थानीय जनप्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधि, सामाजिक संघ-संस्थाहरुका प्रतिनिधिहरुसँग लिइएको अन्तरवार्ताबाट यो तथ्याङ्क तयार पारिएको परियोजना व्यवस्थापक नर्वदा सोराली मगरले जानकारी दिइन् । आप्रवास वा बसाइँसराइँलाई अघि र पछि प्रभाव पार्ने तत्वहरु, बेचबिखनमा पर्नुभन्दा अघिको अवस्थालाई समेत अध्ययनमा समेटिएको छ ।

अनुसन्धानका क्रममा उनीहरुलाई कोभिड-१९ले नेपालका दुई सीमावर्ती जिल्लाहरुमा बसोबास गर्ने समुदायको लागि मानव बेचबिखनका जोखिमको तत्वहरुले कसरी असर गरेको छ ? भन्ने लगायतका तीनवटा प्रश्न गरिएको थियो । बेचबिखनको उमेर समूहमा १८देखि ३५ प्रतिशतका बढी छन् । ८३ दशमलव ५ प्रतिशत मानिस यो समूहका रहेका छन् । यसैगरी बालविवाहका कारण ६२ दशमलव ४ प्रतिशत, कम उमेरमा आमा बनेकाको संख्या ४४ दशमलव ७ प्रतिशत, घरेलु हिंसाको शिकार ४४ दशमलव ७ प्रतिशत, नागरिकताविहीन तथा कृषि क्षेत्रमा असमान दैनिक ज्यालादारी ८८ दशमलव २ प्रतिशतलाई पनि बेचबिखनमा पर्नुभन्दा अघिको अवस्थामा राखिएको छ ।

प्रस्तुत प्रतिवेदनमा न्यून शिक्षाको कारण सूचनाहरुमा पहुँच नहुनु, बैदेशिक रोजगारको नाममा बेचबिखनमा परेर फर्केका व्यक्तिहरुलाई पहिलाको ऋृणको भारको दबाब हुनु, लैङ्गिक असमानताका कारण महिलाहरुलाई परम्परागत मान्यता अनुसार जिम्मेवारी दिइनु, निर्णयको स्वतन्त्रताको अधिकार नहुनु, घरेलु शोषण तथा आर्थिक शोषण, आर्थिक रुपमा पुरुषमा भर पर्नु, सामाजिक लाञ्छनालाई समेत बेचबखिनको कारणमा राखिएको छ ।

कोभिड-१९को समयमा परेका असर र प्रभावहरुमा घरेलु दुर्व्यव्यहारमा बृद्धि भएको समेत अध्ययन प्रतिवेदनमा उल्लेख छ । बैदेशिक रोजगारबाट फर्केपछि कोभिड-१९ले बिरामी पर्दा उपचार नपाएको, साथै आफन्त छरछिमेकीहरुबाट अपहेलित हुनुपरेको, बिद्यालयहरु बन्द भएको कारण बालबालिकाको पढाइ छुटेको र नाजुक आर्थिक स्थितिको कारण पुनः पढाइ सुचारु हुन नसकेको र परिवारमा कमाउने व्यक्तिको कोभिड १९को कारण निधन हुँदा जीविकोपार्जनमा समस्या भएको, बैदेशिक रोजगारीको अवसरहरु धेरै खोजिएको पनि कोभिड-१९को समयमा परेका असर र प्रभावहरुका रुपमा उल्लेख गरिएको छ ।

कोभिड-१९का समयमा बेचबिखन प्रभावित जसको जग्गामा स्वमित्व छैन्, दैनिक गुजारामा अत्यन्तै कठिनाई परेको, कोभिड-१९को कारणले अवसरमा भएको ह्रासको कारण मध्यस्तकर्ताको जालमा फस्न सक्ने, महिला श्रमिकहरु धेरै भएको, अनौपचारिक श्रमका क्षेत्रहरु जस्तै घरेलु काम, दैनिक ज्यालादारी तथा मनोरञ्जनका क्षेत्रहरु बन्द भएको कारण महिला श्रमिकहरु मारमा परेको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै बैदेशिक रोजगारबाट फर्काएका कामदारहरुलाई पुनः काम पाउन गाह्रो भएको तथा कोभिड-१९को कारणले ऋृण लिएर घर चलाउनु परेको र मनोसामाजिक असर परेको प्रतिवेदनमा उल्लेख छ ।

शक्ति समूहकी अध्यक्ष चरीमाया तामाङको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकीले

(बाँकी अन्तिम पृष्ठमा)

**हाडजोर्नी[redacted]**
**रोगको स[redacted]र**

**सस्तो, भरपर्दो र गुण[redacted]वा अब**
**बिर्ता आयुर्वेद एण्ड फि[redacted]बिर्तामोडमा**
प्यारालाइसिस, सम्पूर्ण हाडजो[redacted] भएको, नशा
चेपिएको डिस्क प्रोल्याप्स, बाथ, यु[redacted]ाको अष्टाङ्ग
फार्मेसीबाट औषधि र उपचार दैनि[redacted]
**बस्नको सुविधासहित फो[redacted]९०१६६,**
**दैनिक ओपीडीमा डा. [redacted]न शाह र**
**अन्य काठमाडौंबाट आउ[redacted] सेवा ।**
***दैनिक छारसूत्र विधिद्वारा[redacted] गरिन्छ ।***



**भीर मौरीको मह** : ताप्लेजुङको फुङ्लिङ नगरपालिका-४ अवस्थित कोसेली घरमा भीर मौरीको मह बट्टामा भर्दै एक उद्यमी । यहाँ भीर मौरीको मह प्रतिबट्टा रू. एक हजारमा बिक्री हुँदै आएको छ । ***तस्वीर : रासस***

# अलैंचीको रेसाबाट आम्दानी

**ताप्लेजुङ, पुस १२।** पूर्वी पहाडी जिल्लामा पाइने अलैंचीको रेसालाई समेत आम्दानीको स्रोत बनाउन थालिएको छ । पहाडी जिल्लाको प्रमुख नगदे बालीका रुपमा रहेको अलैंचीको रेसाबाट विभिन्न प्रकारका सामग्री बनाउन थालिएको छ भने यसले बजारसमेत पाउन थालेको छ ।

गोडमेल गर्दा र टिप्दा निस्कने अलैंचीको सरालाई मसिनो बनाएर उद्यमीले लाखौंको कमाइ गर्न थालेका छन् भने यसरी खोलिएका उद्योगमा स्थानीय महिलाले रोजगारी समेत पाउन थालेका छन् ।

सदरमुकाम फुङलिङमा विगत सात वर्षदेखि चन्दन फाइबर उद्योग खोलेर सञ्चालन गर्दै आएकी माया गुरुङले अलैंचीको रेसाजन्य सामानबाटै वार्षिक लाखौंको कमाइ गर्दै आएको जानकारी दिइन् । गुरुङका अनुसार अलैंचीको रेसाबाट हाते झोला, पर्स, हट म्याट, डोर म्याट, रुम म्याट, टी म्याट, झ्याल ढोकामा प्रयोग हुने पर्दालगायत सामान बन्ने गरेको छ । रेसाबाट बनेको सामान हेर्दा आकर्षक देखिने



भएकाले यसको माग बढ्दोरुपमा रहेको गुरुङले बताइन् । विशेषगरी काठमाडौं, पोखरालगायत ठूला सहरमा उनले उत्पादन गरेका सामान पुग्छन् । ती ठाउँबाट विदेशमा समेत निर्यात हुने गरेको उनले जानकारी दिइन् ।

जङ्गलमा त्यसै खेर गइरहेको अलैंचीको रेसा सङ्कलन गरेर उद्योग चलाएकी गुरुङले स्थानीय १५ जना महिलालाई रोजगारी समेत दिएकी छन् । रोजगारी पाउनेमा प्रायः ग्रामीण क्षेत्रबाट बजार क्षेत्रमा बालबच्चा पढाउन बसेका महिला छन् । कामका आधारमा पारिश्रमिक दिएर उनीहरुलाई रोजगार प्रदान गरिएको हो । अलैंची बगानबाट सरा सङ्कलन गरेर ल्याउनेलाई समेत पारिश्रमिक दिएकाले आफ्नो उद्योगबाट धेरैलाई फाइदा पुगेको उनको भनाइ छ ।

यता सदरमुकाममै पाथीभरा कोसेलीघर सञ्चालन गर्दै आएकी विष्णु श्रेष्ठले समेत अलैंचीको रेसाबाट विभिन्न सामान बनाउँदै आएका छन् । शुरु-शुरुमा बजार नपाउँदा समस्या भए पनि अहिले माग बढ्दै गएकाले उत्पादन पनि बढाउन थालेको श्रेष्ठले बताए । उद्यमीले अलैंचीको रेसाजन्य सामान बनाउन थालेपछि घरेलु तथा साना उद्योगको कार्यालयले समेत उनीहरूलाई आवश्यक सहयोग गर्न थालेको छ । पछिल्लो समय अलैंचीको सरालाई प्रयोग गरेर घरेलु प्रयोगमा आउनेलगायतका सामान उत्पादन हुन थालेकाले आवश्यक सहयोग गरिएको कार्यालय प्रमुख युवराज घोर्साईले बताए ।

# सन् २०२२मा एक करोड मानिस विस्थापित

**काठमाडौं, पुस १२।** द्वन्द्व, दैवी विपत्ति र जलवायु सङ्कटका कारण विश्वका दशौं लाख मानिस आफ्नो देशभित्र वा बाह्य रूपमा विस्थापित भएका राष्ट्रसंघीय निकायले सार्वजनिक गरेको पछिल्लो प्रतिवेदनले देखाएको छ ।

शरणार्थी सम्बन्धी राष्ट्रसंघीय निकाय (युएनएचसीआर)ले यो वर्षको जाडो विश्वभरका लाखौं 'आप्रबासी शरणार्थी'का लागि निकै चुनौतिपूर्ण हुनेछ । हाम्रो विश्वले आन्तरिक विस्थापनको सङ्कटको सामना गरिरहेको छ । द्वन्द्व, विपत्ति र जलवायु सङ्कटजस्ता त्रासदीका कारण विश्वका उच्च संख्यामा मानिस आफ्नो देशभित्र विस्थापित भएका छन् उसले भनेको छ ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले गत जुनमा संयुक्त राष्ट्रसङ्घले अन्तर्राष्ट्रिय विस्थापनसम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै सहयोगको खाँचो रहेका मानिसलाई सहयोग पुऱ्याउनु सबैको जिम्मेवारी भएको बताएका थिए । उनले भने- आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूको दुर्दशा मानवीय मुद्दाभन्दा बढी छ । यसले विकास, शान्ति स्थापना, मानव अधिकार, जलवायु कार्य र विपद् जोखिम न्यूनीकरणका प्रयासहरूको संयोजनमा एकीकृत दृष्टिकोण ल्याउँछ ।

**सन् २०२२ मा मात्र एक करोड व्यक्ति विस्थापित**

संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (युएनएचसीआर)ले सन् २०२२ मा विश्वका एक करोड मानिस आफ्नो घर छोड्न बाध्य भएको जानकारी गराएको छ । संयुक्त राष्ट्रसङ्घले विभिन्न तरिकाले खाँचोमा परेकालाई सहयोग गरिरहेको पनि उक्त निकायले जनाएको छ ।

युएनएचसीआरका प्रमुख फिलिप्पो ग्रान्डीले यो आँकडालाई कहिल्यै स्थापित हुननहुने संख्या भन्नुभएको छ । यो सङ्ख्या सन् २०२१ मा नौ करोड रहेकोमा यस बर्ष १० करोड पुगेको छ । युक्रेन, इथियोपिया, बुर्किना फासो, सिरिया र म्यान्मारलगायत विश्वका धेरै भागहरूमा हिंसा, गरिबी र लामो द्वन्द्व आप्रवासन प्रमुख कारकहरू थिए ।

संयुक्त राष्ट्रसंघीय निकायले भनेको छ- हजारौं हताश आप्रवासीहरूले युरोपलाई आफ्नो रोजाइको गन्तव्यको रूपमा हेरेका छन्, मानव तस्करहरूको हातमा आफ्नो जीवन थमाएका छन् र भूमध्यसागर पार गर्नेगरी खतरनाक यात्रामा निस्केका छन् ।

यमनमा लामो द्वन्द्व शुरु भएको सात वर्ष भन्दा बढी भइसकेको छ, जसले मानवीय विपत्ति निम्त्याएको छ र ४३ लाखभन्दा बढी मानिसहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ । गत मे महिनामा संयुक्त राष्ट्रसङ्घको आप्रवासन एजेन्सी आईओएम र युरोपेली सङ्घको मानवीय सहायता शाखा इकोले द्वन्द्वका कारण विस्थापित भएका तीन लाख २५ हजारभन्दा बढी आप्रवासी र उनीहरूलाई आश्रय दिने समुदायको आवश्यकता पूरा गर्ने प्रयासलाई तीव्रता दिने घोषणा गरेको थियो । यमनस्थित आईओएम अभियानकी प्रमुख क्रिस्टा रोटेनस्टाइनरले भने- यमनमा आप्रवासीहरू र विशेष गरी महिलाहरूको लागि स्थिति अझ खराब हुँदै गइरहेको छ । उनीहरूले यमनमा आफ्नो जीवनमाथि थोरै नियन्त्रणको साथ गम्भीर अवस्थामा बाँचिरहेका छन् ।

सिरियामा युद्धले ११ वर्षदेखि जनजीवन अस्तव्यस्त बनाइरहेको छ । सिरियामा जन्मिएका करिब ५० लाख बालबालिकाले कहिल्यै पनि देशलाई शान्तिपूर्वक चिनेका छैनन् । झण्डै ८० हजार भन्दा बढी सिरियालीहरूले जोर्डनको विशाल जातारी शिविरलाई 'घर' भन्छन् र तिनीहरूमध्ये धेरैले तत्कालका लागि आफ्नो देश बाहिर बस्नुपर्ने हुन सक्छ । जोर्डनको राजधानी अम्मानमा युएनएचसीआरका प्रतिनिधि डोमिनिक बार्ट्सले हालै बताए अनुसार तत्कालका लागि उनीहरूको स्वदेश फिर्तीको सम्भावना आशाजनक देखिँदैन । उनले ने- हामीले सिरियामा स्वदेश फिर्तीका लागि अनुकूल वातावरण देखिरहेका छैनौं । समग्रमा, जोर्डनले सिरियाबाट लगभग छ लाख ७५ हजार दर्ता भएका शरणार्थीहरूलाई आश्रय दिन्छ, र तिनीहरूमध्ये अधिकांश स्थानीय समुदायहरूको बीचमा जोर्डनको शहर र गाउँहरूमा बस्छन् । केवल १७ प्रतिशत मात्र दुई मुख्य शरणार्थी शिविरहरू, जातारी र अजराकमा बस्छन् ।

पाँच वर्षअघि म्यानमारमा हजारौं रोहिङ्ग्याहरू आफ्नो घर छोडेर भागेका थिए । छिमेकी देश बङ्गलादेशको सीमापारी रहेको विशाल कक्स बजार शिविरमा करिब १० लाख शरणार्थी बस्छन् । यसै बर्षको मार्चमा, संयुक्त राष्ट्रसङ्घले शरणार्थीलाई घर फर्काउने आफ्नो नवीनतम योजना शुरु गरेको थियो । शरणार्थी र छिमेकी समुदायहरू (पाँच लाखभन्दा बढी बङ्गलादेशीहरू) को लागि ८८ करोड १० लाख अमेरिकी डलर भन्दा बढीको लागि आह्वान गरेको थियो । यो सहायतामा अत्यधिक निर्भर छन् ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायको तथ्याङ्क अनुसार डिसेम्बरसम्ममा युरोपभरि ७८ लाखभन्दा बढी युक्रेनी शरणार्थी रहेका छन् ।

सन् २०२०को नोभेम्बरमा सुरु भएको इथियोपियाको टिग्रे क्षेत्रमा सशस्त्र द्वन्द्वका कारण लाखौं मानिस विस्थापित भएका छन् । यस वर्षको अन्त्यसम्ममा, अन्तर्राष्ट्रिय मध्यस्थतामा एक नाजुक युद्धविराम कायम भएको जस्तो देखिन्थ्यो र महिनौंसम्म दुर्गम उत्तरी क्षेत्रहरूमा सहायता फिर्ता भइरहेको थियो । साथै धेरै जना आफ्नो बिग्रिएको जीवनको पुनर्निर्माण गर्न घर फर्केका थिए ।

**शिविरमा पनि सुरक्षित छैनन् शरणार्थी**

गत जनवरीमा संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायले यस क्षेत्रका शरणार्थीहरूले पर्याप्त खाद्यान्न, औषधि र स्वच्छ पानी पाउन सङ्घर्ष गरिरहेको र स्थितिमा सुधार नआए मृत्युको जोखिम रहेको चेतावनी दिएको थियो । राष्ट्रसंघद्वारा सम्प्रेषित समाचार अनुसार शरणार्थीहरू पनि प्रत्यक्ष आक्रमणमा परेका छन् । उदाहरणका लागि, फेब्रुअरीमा सशस्त्र मानिसहरूले आक्रमण गरेपछि हजारौं इरिट्रियालीहरू अफार क्षेत्रको एउटा शिविरबाट भाग्न बाध्य भएका थिए । उनीहरूले शरणार्थी शिविरबाट सामानहरू चोरेका र त्यहाँका बासिन्दाहरूको हत्या गरेका समेत बताइएको छ । अगष्टसम्ममा संयुक्त राष्ट्रसंघीय निकायहरूले इथियोपियामा शरण लिन चाहने सात लाख ५० हजारभन्दा बढी मानिसहरूलाई सहयोग गर्न तत्काल आर्थिक सहयोगका लागि अपिल गरेका थिए । विश्व खाद्य कार्यक्रमले उक्त रकम प्राप्त नगरेसम्म धेरै शरणार्थीले खानका लागि केही नपाउने चेतावनी दिएको छ ।

यूएनएचसीआरका अनुसार युद्ध, हिंसा र मानव अधिकार उल्लङ्घनका कारण विस्थापित भएकाहरूलाई बाँच्ने आधार प्रदान गर्न विश्वभरका सरकारहरूले अत्यधिक रकम (करिब १.१३ अर्ब अमेरिकी डलर) उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । ग्रान्डीले भने- द्वन्द्व, जलवायु आपतकालीन अवस्था र अन्य सङ्कटका कारण विश्वभरका विस्थापित मानिसहरूले अभूतपूर्व आवश्यकताको सामना गरिरहेका छन् । सौभाग्यवश, यूएनएचसीआरका उदार दाताहरूले यी सङ्कटपूर्ण दिनहरूमा उनीहरूलाई सहयोग जारी राखेका छन्, जसले उनीहरूको सहज भविष्यको आशा जगाएको छ- उनले भने ।

# कुमारी र एनसीसी बैंकले पुस १७ देखि एकीकृत कारोबार गर्ने

**काठमाडौं, पुस १२।** कुमारी बैंक लिमिटेड र नेपाल क्रेडिट एन्ड कमर्स (एनसीसी) बैंकले पुस १७ गतेदेखि एकीकृत कारोबार गर्ने भएका छन् ।

नेपाल राष्ट्र बैंकले मङ्गलबार एक सूचना जारी गर्दै यी दुई बैंक गाभिएर आउँदो आइतबारदेखि एकीकृत कारोबार गर्ने जनाएको हो । दुवै बैंकबीच गत असोज १० मा मर्जरमा जाने सम्झौता भएको थियो ।

गत मंसीर २५ गते बसेको दुवै बैंकको विशेष साधारणसभाले मर्जर प्रस्ताव पारित गरेको थियो । अब यी दुवै बैंकको 'कुमारी बैंक लिमिटेड' का नामबाट कारोबार हुनेछ ।

मर्जर सम्झौता अनुसार दुवै बैंकबीच शेयर आदानप्रदान अनुपात (स्वाप रेसियो) एक बराबर एक हुनेछ । अर्थात् एकीकृत कारोबारपछि अहिले कुमारी र एनसीसी बैंकका लगानीकर्ताको सेयर संख्या थपघट हुनेछैन । मर्जरपछि बैंकको केन्द्रीय कार्यालय हाल कुमारी बैंकको केन्द्रीय कार्यालय रहेको कामाडौं महानगरपालिका-२ स्थित टङ्गालमा रहनेछ ।

एकीकृत कारोबारका गर्न डाटा माइक्रेसन प्रयोजनका लागि पुस १५ र १६ गते दुवै बैंकका शाखाबाट प्रदान गर्दै आएको बैंकिङ सेवा समेत प्रभावित हुने बैंकले जारी गरेको सूचनामा उल्लेख छ ।

# पत्रकार अनमोल दुर्घटनामा परी घाइते

**झापा, पुस १२।** झापाकी पत्रकार लीला अनमोल दुर्घटनामा परी घाइते भएकी छन् ।

मंगलबार बिहान बिर्तामोडको सिटी सेन्टर अगाडिको पूर्वपश्चिम राजमार्गमा अनमोल सवार प्रदेश १-०१-०१५प ९१४० नम्बरको स्कुटरलाई सवारीसाधनले ठक्कर दिएको थियो ।

एकै दिशा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेका युपी ३७ टी ७८१३ नम्बरको भारतीय ट्रक र ना५ख ८११९ नं को यात्रुवाहक बसले स्कुटरलाई ठक्कर दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक अशोक जवेगूले जानकारी दिए । ट्रकले स्कुटरलाई ठक्कर दिएपछि बससँग ठोक्किएको प्रहरीले जनाएको छ । घाइतेको बीएण्डसी हस्पिटलमा उपचार भइरहेको र अवस्था खतरामुक्त रहेको जनाइएको छ । दुर्घटनापछि ट्रक, बस र मोटरसाइकललाई नियन्त्रणमा लिइएको जवेगूले जानकारी दिए ।

## विद्यालयमा ...

**खुद भर्ना दरको अवस्था**

आधारभूत तह कक्षा १-५ जम्मा खुद भर्ना दर ९७.६ छ । यसमध्ये छात्रातर्फ ९४.५ प्रतिशत छ- कार्यपत्रमा भनिएको छ । आधारभूत तह कक्षा ६-८ मा जम्मा खुद भर्ना दर ९५.३ रहेको र यसमध्ये छात्रातर्फ ९५.० प्रतिशत रहेको उल्लेख छ ।

माध्यमिक तह कक्षा ९-१०मा जम्मा खुद भर्ना दर ८५.२ रहेको र यसमध्ये छात्रातर्फ ८३.४ प्रतिशत रहेको बताइएको छ । विद्यार्थी भर्नाको अवस्थामा विगतका दिनभन्दा क्रमशः सुधार भएको पाइन्छ । तर, सन्तुष्टि लिइहाल्ने अवस्था नरहेको उल्लेख छ ।

जिल्लामा सञ्चालित सबै विद्यालय अपाङ्गमैत्री बन्न नसकेको कार्यपत्रमा उल्लेख छ । विराट सामुदायिक अध्ययन केन्द्रका अध्यक्ष मोहन शिवाकोटीले स्वागत गरेको कार्यक्रममा जिल्ला समन्वय समिति झापाकी उपप्रमुख शान्ता रोक्का, मेची क्याम्पसका पूर्व क्याम्पस प्रमुख उमानाथ ओलीसहित झापाका स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा कार्यक्रम भएको थियो । कार्यक्रमको सञ्चालन रुद्र सिटौलाले गरेका थिए ।

## भूमिमा ...

बेचबखिनमा परेका महिला तथा बालबालिकाहरुलाई उद्धार गरिए पनि समाजमा पुनःस्थापना गराउँदा समाजले उनीहरुलाई हेर्ने दृष्टिकोण फरक रहेको बताए । विशिष्ट अतिथि उपप्रमुख मीना पोखरेल उप्रेतीले मानव बेचबखिनजस्तो आपराधिक कार्यलाई रोक्न स्थापना गरिएका संघ-संस्थासँग जहिले पनि स्थानीय सरकार सहकार्य गर्दै अघि बढ्ने बताइन् ।

मानब बेचबिखनविरुद्धमा अझ सशक्त ढंगबाट समुदाय स्तरमा नै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने अबको आवश्यकता र अवसर रहेको कार्यक्रममा बताइयो । मानव बेचबिखन नियन्त्रणकोलागि कानून अनुसारको स्थानीय समितिहरु निर्माण गर्नुपर्ने, मानब बेचबखिनको जोखिममा रहेका व्यक्ति र समुदाय पहिचान गर्नु पनि अबको आवश्यकता र अवसरहरु रहेको प्रतिवेदनमा उल्लेख छ ।

## माओवादी ...

गठबन्धनमा छलफल गर्न पार्टीका इञ्चार्ज कार्कीको संयोजकत्वमा समिति समेत बनाएको छ ।

माओवादी केन्द्रले प्रदेशमा १३ जना प्रदेश सांसद जितेको छ । दलको नेता चयन भएपछि आङ्बोले प्रदेश १ मा सरकारको नेतृत्वमा आफूहरूको दाबी रहेको बताए । पहिलो प्रदेश सरकारमा आफू मन्त्री भइसकेकाले यसपटक मन्त्री नबन्ने उनले घोषणा गरेका छन् ।


**तुरुन्त बिक्रीमा**

**अर्जुनधारा-८ शनिश्चरे बजारमा सेमी कमर्सियल ११ धुर र अर्जुनधारा-४ बागेडाँगीमा बसोबासको लागि एक/एक कठ्ठाको ५ वटा घडेरी तथा कृषि फर्मको लागि उपयुक्त जमिन पनि सुपथ मूल्यमा बिक्रीमा ।**

**सम्पर्क : ९८४१२९८५८३, ९८१५०८०३९१**


## बैंकिङ ...

खटिएको प्रहरीले पक्राउ गरेको हो । पञ्चमलाई मंगलबार चितवन भरतपुरबाट र जयकृष्णलाई सोमबार काठमाडौं चुनिखेल काठमाडौंबाट पक्राउ गरेको हो । उनीहरूलाई फैसला कार्यान्वयनका लागि सम्बन्धित अदालतमा पेश गरिएको छ ।


**हार्दिक निमन्त्रणा**

**बिर्तामोड बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-४को १०औं बार्षिक साधारणसभा आगामी मिति २०७९ साल पुस १८ गते पर्न गएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई निमन्त्रण गर्दछौं ।**

**सबैलाई चिठ्ठी पठाइसकिएको छ । कारणबस चिठी नपुगेमा यसैलाई निम्तोमानी अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।**

**स्थानः साई पार्टी प्यालेस (भद्रपुर स्टेण्ड पश्चिम)**

**समय : दिनको ११ बजे**

**सम्पर्क नं.: ९८४२७८३६६६, ९८६२६८१६५१**

**बाटा खर्चको व्यवस्था गरिएको छ ।**

**कर्मचारी आवश्यकता**

बिर्तामोडमा सञ्चालित प्रतिष्ठित होटलका लागि निम्न पदहरुमा कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले तु सम्पर्क राख्नुहोला ।

१) मेनेजर :- १ जना
(२) मेन सेफ :- १ जना
३) असिस्टेन्ट सेफ :-१ जना
४) वेटर :- २ जना
५) वेट्रेस :- २ जना
६) रुम ब्वाइ :- २ जना
७) रिसेप्सनिष्ट :- २ जना
८) लेखापाल :- १ जना
९) स्टोर किपर :- १ जना

योग्यता : सम्बन्धित काममा दक्ष
तलब : आपसी समझदारीमा
फारम भर्ने अन्तिम मिति : २०७९ पुस १५ गतेसम्ममा

सम्पर्क: **होटल हेवन ग्रान्ड**
बिर्तामोड-५, झापा (फोन : ०२३-५४०६२५/५४०४८२)

**हार्दिक बधाई**



**विकास मानन्धर**
अध्यक्ष



**कुमार सिंह सावा लिम्बू**
कार्यकारिणी उपाध्यक्ष



**स्वस्तिका आचार्य**
उपाध्यक्ष



**भीमबहादुर कुँवर (राजु)**
उपाध्यक्ष



**वीरबहादुर बेघा (बिरू)**
उपाध्यक्ष

विरगञ्जमा सम्पन्न ५९औं राष्ट्रिय महाधिवेशनबाट नेपाल जेसीज सन् २०२३ को अध्यक्षमा वीरता जेसीज सन् २०१८का लागि निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष सिनेटर **विकास मानन्धर**, राष्ट्रिय कार्यकारिणी उपाध्यक्षमा **रजनी थापा, जीवन कार्की**, सतासीधाम जेसीजका पूर्व अध्यक्ष **कुमारसिंह साँवा लिम्बू र रश्मी बस्नेत** निर्वाचित हुनुभएको तथा महासचिवमा **अमिश ढकाल**, कोषाध्यक्षमा **मोहन डाँगी** र कानूनी सल्लाहकारमा **अशोक कोइराला** चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दछु ।

त्यस्तै नेपाल जेसीजको राष्ट्रिय उपाध्यक्षमा नेपाल पत्रकार महासंघ झापाकी कार्यसमिति सदस्य तथा वीरता लेडी जेसीज सन् २०२१ की अध्यक्ष **स्वस्तिका आचार्य**, अर्जुनधारा जेसीजका जेसीज २०२२ का अध्यक्ष **भीमबहादुर कुावर (राजु)**, चारआली जेसीज सन् २०२२ का अध्यक्ष **वीरबहादुर बेघा (बिरु)** तथा **राधिका भुषाल, राजाराम गौतम, गुरुदेव पौडेल, चन्द्रमणि भुषाल, चिरञ्जीवी गौतम, अनुप सुनुवार, सोनी श्रेष्ठ, तेजप्रसाद उप्रेती (रमेश)** र **सरोज अधिकारी** निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल सफलताका निम्ति शुभकामना व्यक्त गर्दछु ।

**एकराज गिरी**
अध्यक्ष (सन् २०१८): **वीरता जेसीज**
राष्ट्रिय तालिम आयुक्त (सन् २०१९) : **नेपाल जेसीज**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# चुनौतिका माझमा सरकार

**नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले हिजो अर्थात् पुस ११ गतेदेखि आकार ग्रहण गरेको छ । टालाटुली जम्मा गरेर बनाएको सरकारलाई थुप्रै चुनौतिका बीचमा सुशासनको यात्रा गर्न सकस पनि त्यत्तिकै छ । पाँच दलीय गठबन्धनबाट आफ्नो हात छुटाएर सात दलीय गठबन्धन गर्न पुगेका प्रचण्डलाई तीन जना स्वतन्त्र सांसदको पनि साथ छ । यस हिसाबमा नवगठित प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत प्राप्त गरी आगामी दुई वर्षका लागि स्थिर सरकार सञ्चालन गर्न कुनै व्यवधान आउने छैन । तेस्रो पटक प्रधानमन्त्री भएका प्रचण्डलाई नेपाली राजनीतिका चतुर खेलाडी मानिन्छ, त्यसको उदाहरण यसैपटकको उनको सत्तारोहणलाई मान्न सकिन्छ । सत्ताको अङ्कगणितमा तेस्रो रहेको दलले पहिलो हुने अवसर पाउनुमा उनकै चतुरता मुख्य कारण हो ।**

**यद्यपि नेपाली जनताले जनताका प्रतिनिधि भेट्टाएकै छैनन् । जो आए पनि 'कानै चिरेका' हुने गरेकाले देश र जनताको समृद्धि केवल घोषणापत्रमै सीमित हुने गरेको छ । झन् यसपटक सात दल र तीन स्वतन्त्र गरी दश वटा प्रतिबद्धतापत्रका साथ सरकारको नेतृत्व गर्ने र सत्तामा बस्नेले जनतासँग गरेका वाचा पूरा होलान् विश्वास गरिहाल्ने अवस्था छैन । नेपालीलाई छिट्टै, सजिलै र सहजतापूर्वक काम गरिदिने नेता, जनप्रतिनिधि, प्रधानमन्त्री, मन्त्री, कर्मचारी, न्यायाधीश, प्रहरी, प्रशासन चाहिएको छ । निष्पक्ष, स्वतन्त्र, सन्तुलित तथा कुशल सभामुख चाहिएको छ, जसले नीति–निर्माणका क्रममा जनप्रतिनिधिहरुलाई सन्तुलित र निष्पक्ष निर्देशन दिन सकोस् । उसको समन्वयकारी भूमिकाले जनहितकारी विधेयक पारित हुन सक्छन्, देश र जनताले उसको भूमिकाबाट सुरक्षित भएको अनुभूति गर्न सक्छन् ।**

**वर्तमान राजनीतिक व्यवस्थाबाट देशले आर्थिक वृद्धि र विकासको प्रतिफल प्राप्त गर्न सकेको छैन । प्रजातन्त्रको नाममा दलहरुको प्रदर्शन प्रहसन मात्र भइरहेको छ । अनावश्यक व्यक्ति र सत्ता स्वार्थको खिचातानी, प्रलोभनले देश भ्रष्टाचारको दलदलमा फस्दै गएको छ । आर्थिक विकासका लागि रोजगारी, कृषि, उद्योग लगायतका क्षेत्रहरुको प्रवर्द्धन गर्नुपर्नेमा नेता र नेतृत्वहरु सत्ताकै लुछाचुँडीमा रमाइरहेका छन् । युवाशक्ति नेतृत्वहरुको अक्षमताबाट दिक्क भएर पलायन हुने क्रम झनै बढेर गएको छ । यस्तोमा सरकारको नेतृत्व गर्न आएका प्रचण्ड र दशतिर फर्किएका गठजोडका टाउकालाई एउटै दिशा, एउटै लक्ष्य र निष्ठामा हिंडाउन प्रधानमन्त्री प्रचण्डलाई ठूलो चुनौति छ । गिर्दो अर्थतन्त्र र वैदेशिक सम्बन्धलाई उठाउन र बलियो बनाउनु त्यत्तिकै चुनौति छ । त्यसैले यसतर्फ उनको गम्भीर चिन्तन व्यवहारमा देखिनैपर्छ, त्यसले मात्र सरकारको सफलताको प्रमाण दिन्छ ।**

# नयाँ गठबन्धनलाई अवसरभन्दा चुनौति धेरै



**डा. विष्णु दाहाल**

अहिले तत्कालका लागि यहाँ प्रधानमन्त्री पद र अन्य पदको लाभ-हानी अनि कार्यकर्ता व्यवस्थापन गर्न सकिने भएकोले माओवादी तथा यसका अध्यक्ष प्रचण्डलाई फाइदा भए पनि एजेण्डाको हिसाबले हेर्दा चाहिँ अहिले गठबन्धन बनाउनेलाई घाटा देखिन्छ। घाटा यसकारण विपरीत ध्रुवका पार्टीहरु एक ठाउँमा छन्। अनि त्यस्तो उछितो काढ्ने ओली र प्रचण्ड एक ठाउँमा छन्। रवीदेखि तर्सिएर चितवन छोडेर गोरखा जाने प्रचण्ड एक ठाउँमा छन्। १७ हजारको बलिदानबाट आएको लोकतान्त्रिक गणतन्त्रको हिमायती र पुरानो राज्यसत्ताको राजा ब्युँझाउनुपर्छ भन्ने राजेन्द्र लिङ्देन एक ठाउँमा छन्।

एजेण्डाको हिसाबले यो गठबन्धन सहज एजेण्डा होइन। तथापि, सबैलाई पद र शक्ति चाहिएको आधारमा यो गठबन्धन बनेको देखिन्छ। यो गठबन्धन साझा एजेण्डा र साझा कार्यक्रम बनाएर भएको होइन। यो शक्ति कसले र सत्ता कसले प्राप्त गर्ने भन्ने गठबन्धन हो। त्यसकारण यसमा नैतिकता र जिम्मेवारी दुबै छैन। यसमा हुने र देखिने भनेका अवसर मात्र हो। अवसरलाई मात्र हेर्दा कसलाई लाभ र हानी भनेर विश्लेषण गर्दा गलत हुन जान्छ। रवी, राजेन्द्र लिङ्देन र सीके राउतको भूमिका र एजेण्डा त्यहाँ कस्तो हुन्छ र कसरी प्रस्तुत हुन्छ भन्ने नै अहिलेको गठबन्धनको सबैभन्दा उत्सुकतापूर्ण कुरा हो।

यो गठबन्धनले सबैभन्दा फाइदा कसैलाई पुऱ्याएको छ भने त्यो केपी ओलीलाई नै हो। किनकि ओलीले प्रतिगमन गरेको, हेपेको, पेलेको, निरंकुशता लादेको भन्ने जस्ता आरोप लगाउँदै सत्ता तथा चुनावमा समेत कांग्रेस, माओवादी, एकीकृत समाजवादीले जुन गठबन्धन गरेको त्यसको औचित्य अहिलेको सत्ता गठबन्धनले झुठ थियो भन्ने प्रमाणित गराउन ओली सफल हुनुभएको छ। र, त्यतिमात्र नभएर राष्ट्रपति र सभामुख तथा प्रदेशका मुख्यमन्त्री पनि आफ्नो भागमा पर्ने भएपछि ओलीलाई यो गठबन्धन सबैभन्दा लाभदायक भएको छ।


यो गठबन्धनले सबैभन्दा घाटा कसैलाई भएको छ त्यो कांग्रेसलाई हो। किनकि कांग्रेसभित्र गठबन्धन गर्न हुँदैन भन्ने आवाज तीव्र हुँदाहुँदै पनि गठबन्धनका पक्षमा देखिनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले अहिले गठबन्धन तोडिँदा व्यक्तिगतरुपमा आफूले प्रधानमन्त्री तथा पार्टीले राष्ट्रपति र मुख्यमन्त्री लगायतका पदहरु गुमाउनु परेको छ। त्यति मात्र नभएर राजनीतिक आस्था र सिद्धान्त नमिलेका पार्टीहरुसँग गठबन्धन गरेर अगाडि बढ्दा देखिएको परिणामको पार्टीभित्र औचित्य प्रमाणित गर्नु अर्को चुनौति रहेको छ।

### गठबन्धन बन्नुका कारण

पहिलो त यो गठबन्धन बन्नुको दुईवटा कारण छन्। एउटा 'पुस' फ्याक्टर र अर्को भनेका र 'पुल फ्याक्टर'। यसअघिको गठबन्धन बनिरहेमा सरकार निरन्तर चलिरहन्छ र आफू राजनीतिको मियोमा परिँदैन। अर्को संसदमा स्थायी रुपमा प्राप्त हुने पदहरु र अन्यत्र पनि धेरैतिर आफ्ना कार्यकर्ताहरुलाई भर्ती गर्नु थियो। गठबन्धन जसरी पनि भत्काउनुपर्छ भन्ने कुरा 'पुल फ्याक्टर'को रुपमा रह्यो।

अर्को 'पुस फ्याक्टर' भनेको केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड कुनै हालतमा मिल्दैनन् भन्ने कुरा प्रधानमन्त्री शेरबहादुर देउवालाई परेको थियो। अनि ओली र प्रचण्ड नमिल्ने बित्तिकै प्रधानमन्त्री र राष्ट्रपति दुबै पदमा प्रचण्डले चाहे जत्तिको बार्गेनिङ गर्ने क्षमता रहँदैन र, प्रधानमन्त्री र राष्ट्रपति दुबै कांग्रेस पार्टीको हुन्छ भन्ने सोच देउवाले राखेको देखिन्छ। यो भनेको 'पुस फ्याक्टर' हो।

अघिल्लो गठबन्धन भत्किनुमा देउवाले केवल सोझो अर्थको गणित अर्थात् झिनो बहुमतलाई मात्र ध्यान दिनु हो। यदि देउवाले राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई वार्ताद्वारा आफूसँग समावेश गरिरहेको भए अहिले प्रचण्डलाई यसरी गठबन्धन भत्काएर नयाँ गठबन्धन गर्न गाह्रो हुने थियो। कथंकदाचित प्रचण्डले यो गठबन्धन तोडेको खण्डमा यसको विकल्प के हुनसक्छ भन्ने विचार नगर्दा अहिलेको नसोचेको परिणाम आयो। कस्ले के, के पाउने र नपाउने भन्ने गुटको राजनीति तथा पार्टीभित्रको इतर खेमालाई कसरी व्यवस्थापन गर्ने भन्नेमा देउवा अल्मलिएको देखिन्छ।



यो गठबन्धन विपरीतहरु एक भएर बनेको गठबन्धन हो। गठबन्धनको यो आन्तरिक पाटो हो। बहुमतका लागि एक सय ३८ देखि ४० भए पुग्नेमा अहिले चाहिनेभन्दा धेरै अर्थात् १ सय ६९ सिट छ। यो भित्र यति धेरै समावेश हुनुले यसभित्र केही स्वार्थ भनेर निश्चितरुपले भन्न सकिन्छ। अर्को भनेको पुस्तान्तरण र रुपान्तरणको एजेण्डा एकदमै धेरै उठेकोले पनि अहिलेको संसद भनेको सबैभन्दा अस्थिर संसद हो।

बाह्र बुँदेबाट आएका दुईवटा तत्व जस्तै केपी ओली जसलाई पूर्ण समर्थक नभनी अल्प समर्थक भन्छु म चाहिँ। त्यसकारण यसमा बाह्य चलखेल बढी छ। परनिर्भरता झन्-झन् बढ्दो छ। बाह्य शक्तिले जे चाह्यो हामीले त्यही पूरा गऱ्यौं। कांग्रेस भएको भए राम्रो हुन्थ्यो भन्ने पनि यस अर्थमा होइन कि कुनै एजेण्डा बोकेर गएको भए त्यसले केही परिणाम दिन्थ्यो। उद्देश्य नै नभएपछि त्यसबाट परिणाम खोज्नु आफैंमा दुःखद् हो।

### गठबन्धनको चुनौति र अवसर

यो गठबन्धनमा चुनौति नै चुनौति देखिन्छ। आन्तरिक चुनौति छँदैछ। अहिले राष्ट्रवाद, राष्ट्रियता र देश मात्र छैन। अन्तर्राष्ट्रियवादको कुराले पनि गठबन्धनमा एकदमै धेरै प्रभाव पारेको कुरा हामी देखिरहेका छौं। हाम्रो अर्थतन्त्रमा चुनौति छ। रेमिट्यान्सले देशको खर्च धानिएको छ। सुशासनको चुनौति छँदैछ। २०४६ सालपछि सबैको सम्पत्ति छानबिन गर्नुपर्छ भन्ने रवी लामिछाने र अर्थतन्त्र धर्मर बनाएको आरोप लागेको पार्टी यही सरकारमा छन्। यसले अब आउने नीति तथा कार्यक्रम हेर्दा पनि कस्तो बन्छ भन्ने थाह हुन्छ। गठबन्धनको कुरा गर्दा जुनसुकै गठबन्धन तरबारको धारमा हुन्छ। यसलाई सुझबुझका साथ विवेक प्रयोग गरेर नागरिक र देशको हितमा प्रयोग गर्यो भने धार सीधा जान्छ। लामो चल्न सक्छ। सत्ता स्वार्थ र आफ्नो तानातानमा गयो भने यसको आयु र औचित्य धेरै लामो हुँदैन।

अहिले माओवादीले प्राप्त गरेको अवसरलाई अवसरका रुपमा लियो भने ठीकै हो। होइन यो चुनौति हो र चुनौतिकै रुपमा लिएर त्यसै अनुसार व्यवहार गर्न थाल्यो भने त्यो अर्को विडम्बना हो। अब यसअघिका आफूसँग गाँसिएका नराम्रो कुरालाई राम्रो बनाउने अवसर पनि आएको छ, यसकारण पनि अवसरै अवसरै हो प्रचण्डका लागि।

अब यसलाई अवसरभन्दा पनि चुनौति भनेर हेर्न थाल्नुभयो यो अवसर कम चुनौति धेरै हुन थाल्छ, जसले गर्दा काम गर्न गाह्रो हुन्छ। यसकारण पनि यो प्रचण्डका लागि अवसर हो। यसलाई बालेन शाहको कुरामा लगेर पनि हामी जोड्न सक्छौं। एक्लै मेयरले के काम गर्न सक्छ र भन्नेहरुलाई चाह्यो भने केही गर्न सकिन्छ भन्ने एक किसिमको अनुभूति त भएको छ। समग्र स्वार्थलाई नागरिक तथा देशको हितमा प्रयोग गर्यो भने अरु एजेण्डा गौण हुनजान्छ। अन्यथा यस गठबन्धनभित्र यसले अन्तरकलह सिर्जना गर्न थाल्छ। जुन सत्ताको लागि फाइदा हुँदैन।

नैतिकताको कुरा गर्दा केपी र प्रचण्ड पक्कै पनि मिल्दैनथे। यसकारण यो नैतिकता हराएको सन्दर्भमा हिजो प्रचण्डले ओली नेतृत्वको त्यत्रो बहुमतको सरकार ढलाएको अवस्थामा प्रचण्डको सारथी बनेर केपी अगाडि बढ्छन भन्ने कुरामा सजिलै विश्वास गर्न सकिने ठाउँ छैन। तर, पनि परिस्थिति कस्तो ढंगले अगाडि बढ्छ त्यो भने हेर्नैपर्ला। राष्ट्रपति र सभामुख पाइसकेपछि ओलीले सहज ढंगले प्रचण्डलाई अगाडि बढ्न सहयोग गर्ने कुरा देखिँदैन।

अब सरकारले विश्वासको मत प्राप्त गर्नु अगाडि नै राष्ट्रपति र सभामुख चयनको प्रक्रियालाई अगाडि बढाउने देखिन्छ। सरकार गठनमा पनि कस्ले कस्तो पद र मन्त्रालय पाउने भन्ने कुरा छँदैछ। अहिले सरकारमा जाने कुरासम्म तय भएको हो। बस्ने सिट र चढने गाडीको तय भएको छैन। विश्वासको मतमै चुनौति भनेर टिप्पणी गर्नु अहिले अलि हतारो हुन्छ। तर, विश्वासको मत र राष्ट्रपति तथा सभामुखको बाँडफाँटको टुंगो लागेको केही समय पर्ख र हेरको स्थिति रहला त्यसपछि भनेको ओलीले समय हेरेर विश्वासको मत फिर्ता लिने सम्भावना बढी देखिन्छ।

आलंकारिक भनेर भनिएको राष्ट्रपतिको काम कारबाहीले राष्ट्रपति आफूले नपाउने हो भने आफ्नो राजनीति धेरै हदसम्म कठिन हुने देखेर एमालेले राष्ट्रपतिको लागि यो सबै गरेको देखिन्छ। एमालेलाई राष्ट्रपतिसँग लगाव भएका कारण प्रचण्ड र रवी जस्तो एमालेको उछितो काढेको मान्छेसँग बालकोटमा बसेर गठबन्धन गर्नु भनेको अंकगणितभन्दा पनि अर्कै प्रभाव देखिन्छ राजनीतिमा।

कांग्रेसलाई अहिले जुन किसिमको धोका भएको छ यसले उसलाई सत्ता र शक्तिको घाटा छँदैछ। अर्को भनेको अब कांग्रेसमा कुनै किसिमको गठबन्धन गरेर अगाडि नजाने भन्ने किसिमको मजबुत सोचाइ पनि विकसित भएको हुनुपर्छ। अहिलेको यो पुस्ताको समय पनि करिब करिब सकिएको र नयाँ पुस्ताले विस्तारै हक जमाउन खोजेको नेपाली कांग्रेसमा यो विचार झन् एकदमै मजबुत छ। राजनीति भनेको सत्तामा जानु मात्रै पनि होइन। आफ्नो एजेण्डा स्थापित गर्नु पनि हो। अहिले त कांग्रेसले आफ्नो एजेण्डा नै बनाउन छोड्यो। एजेण्डा बनाउँदा त्यसका आधारमा मत पाउने हो। बाह्र बुँदेपछि सत्ता स्वार्थमा लागेर एजेण्डाविहीन भएका कारण देश पनि अहिले गतिहीन हुन पुगेको छ। *उज्यालो*

*(राजनीतिक विश्लेषक डा.विष्णु दाहालसँग वैद्यनाथ पौडेलले गरेको कुराकानीमा आधारित ।)*



# कोल्ड डायरिया के हो ?

चिसो बढेसँगै अस्पताल तथा क्लिनिकमा यस्ता समस्या दिन प्रतिदिन बढ्दै गएका छन् । अहिलेको एक जल्दोबल्दो समस्या कोल्ड डायरियाले धेरैलाई सताउने गरेको छ । कोल्ड डायरियाका कारण बिरामीहरु अस्पताल भर्ना हुने क्रम पनि बढेको चिकित्सकहरु बताउँछौं । चिसो मौसम यस्ता कुरामा ध्यान दिन जरुरी छ ।

**कोल्ड वा भाइरल डायरिया के हो ?**

चिसो मौसम बढेसँगै केही रोटा भाइरस नोरो भाइरस र एस्ट्रो भाइरस अलि बढी सक्रिय हुने गर्दछन् । यिनै भाइरसहरुले गर्दा चिसोमा बच्चाहरुमा देखिने बान्ता र पखालाको समस्या नै कोल्ड डायरिया हो ।

**लक्षणहरु के–के हुन् ?**

प्रायः गरेर ५ वर्ष मुनिका बच्चाहरुलाई श्वासप्रश्वास सम्बन्धी समस्या हुने, जस्तै रुघा, खोकी, हाच्छ्युँ तथा नाकबाट सिगान बगाउने गर्दछन् । त्यसपछि बान्ता गर्न थाल्दछन् र त्यसको २४ देखि ४८ घन्टाभित्र पातलो दिसा हुनेगर्छ । केहीमा हल्का ज्वरो पनि आउन सक्छ ।

**जटिलताहरु के–के हुन्छन् ?**

शरीरमा पानीको मात्रा कमी भएर जल बियोजन हुने, रगतमा इलेक्ट्रोलाइटमा गडबड भई ज्यान समेत जान सक्छ ।

**उपचार :** चिकित्सकको सल्लाह अनुसार सरसफाईमा ध्यान दिने, प्रशस्तै मात्रामा झोलिलो कुरा लगायत जीवनजल खुवाउने गर्नुपर्छ । सबै बान्ता पखालाको कारण भाइरस मात्रै नभएर ब्याक्टेरिया, परजीवी वा एन्टीबायोटिक आफैं पनि हुन सक्छन् । त्यसैले बिरामीको उमेर, लक्षण, शारीरिक अवस्था तथा रगत, दिसा र पिसाब लगायतको परीक्षण गरेपश्चात चिकित्सकको सल्लाह बमोजिम औषधि प्रयोग गर्नुपर्ने हुन्छ ।

# अन्सारीको निधन



**बिर्तामोड, पुस १२।** सागर सिलाइ मेसीन बिर्तामोडका सञ्चालक महमद कमरुजमा अन्सारीको उपचारका क्रममा निधन भएको छ ।

सुनसरीको दुहबीबाट झापाको शनिश्चरे बजारमा २०२२ सालमा आएर पूर्वाञ्चल क्षेत्रकै पहिलो सिलाइ मेसीन बिक्री र मर्मतको कार्य गर्दै आएका अन्सारी बिर्तामोड बिस्तारसँगै बिर्तामोडमा सरेका हुन् ।

मेसीन खरिद तथा मर्मतका लागि तेह्रथुम धनकुटादेखि इलाम ताप्लेजुङ लगायत स्थानबाट आउने गरेको र पहिले सिलाइ पेसा परियारहरुले मात्र गर्ने भए पनि अहिले उद्योगको रुपमा सञ्चालन र सबै जातिले व्यवसायको रुपमा गर्न थालेपछि अझ चाप बढेको र पूर्वाञ्चल कै एकमात्र पुरानो बिक्री तथा मर्मत केन्द्र रहेको अन्सारीका जेठा छोरा साबिर अन्सारीले बताए ।

चार छोरा र पाँच छोरी रहेकोमा माइला सादिर पुराना स्काभेटर प्राविधिक हुन भने साइला राजिक कान्छा अब्दुल खालिक आफ्नै पेसा गर्दैछन् भने छोरीहरुको विवाह भइसकेको छ । अन्सारी ८४ बर्षको उमेरमा भारतको बिहारको दरभङ्गामा क्यान्सरको उपचारको क्रममा मृत्यु भएको पत्रकार रञ्जित परियारले जानकारी दिए ।

# वैदेशिक रोजगारीमा जाने श्रमिकले तालिम लिनुपर्ने

**झापा, पुस १२।** वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्यरुपमा अभिमुखीकरण तालिम लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग बुद्धनगर, काठमाडौंले आग्रह गरेको छ ।

वैदेशिक रोजगारीमा जानेका लागि अभिमुखीकरण तालिम मापदण्ड अनुसार सञ्चालन नभएको विभागले जनाएको छ । अभिमुखीकरण तालिम मापदण्ड अनुसार सञ्चालन नभएको भन्दै विभागले देशका विभिन्न ठाउँमा रहेका तालिम प्रदायक संस्थामा अनुगमन गरेको थियो ।

काठमाडौं उपत्यकासहित देशका विभिन्न जिल्लामा अनुगमन गर्दा मापदण्ड अनुसार अभिमुखीकरण तालिम सञ्चालन नभएको पाइएको वैदेशिक रोजगार विभागले जनाएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिकले अनिवार्य रुपमा अभिमुखीकरण तालिम लिनुपर्ने सरकारी नियम रहेको छ ।

जसअनुसार तालिम प्रदान गर्न वैदेशिक रोजगार विभागसँग अनुमति लिएर संस्थाले अभिमुखीकरण तालिम प्रदान गरिरहेका छन् । अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि २०७६ अनुसार तालिम सञ्चालन हुनुपर्ने भए पनि यस अनुसार नभएको पाइएको विभागको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस्तै विभागले १५ दिनभित्र कार्यविधिले तोकेको मापदण्ड पूरा गरी विभागलाई जानकारी गराउन सबै अभिमुखीकरण तालिम प्रदायकहरुलाई आह्वान गरेको छ । यसका साथै अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन अबको केही समयभित्रै अनलाइनमार्फत् शुरु गरिने पनि विभागले जनाएको छ ।

# राईलाई सहयोग प्रदान

**दमक, पुस १२।** नेपाल रेडक्रस सोसाईटी कमल उपशाखाले आफ्ना आजीवन सदस्य डम्बरकुमार राईको उपचारका लागि आर्थिक सहयोग गरेको छ ।

दुई महीनाअघि पक्षघात भई उपचाररत् राईको थप उपचारमा सहयोग पुर्‍याउने उद्देश्यले संस्थाले ६५ हजार पाँच सय रुपैयाँ सहयोग गरेको हो । रेडक्रस सदस्यहरुबाट संकलित उक्त सहयोग विरामीका परिवारलाई हस्तान्तरण गरिएको सचिव पारशमणि राईले बताए ।

कार्यक्रममा उपशाखा सभापति चन्द्र साह, सचिव राई, उपसचिव बिष्णु सुब्बा, कोषाध्यक्ष प्रमोदकुमार दाहाल, रेडक्रसकर्मी ओमप्रकाश गौतम लगायतको उपस्थिति रहेको थियो ।



कमल- ५ मंगलवारे निवासी राई रेडक्रस कमल उपशाखाका कार्यसमिति सदस्य तथा भने दमक-७ स्थित पृथ्वी माध्यमिक विद्यालयका शिक्षक हुन् । सामाजिक क्षेत्रमा क्रियाशील राई उच्चरक्तचापका कारण मोटरसाइकलमा सवार भइरहेको बेला दुर्घटनामा परेका थिए । उनको विराटनगरमा महिना दिन उपचारपछि हाल दमकको एक फिजीयोथेरापी केन्द्रमा थेरापी गरिआएका छन् । उनको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेको विरामीकी श्रीमती शुसीला राईले बताइन् ।

# छिमेकी सहकारीको सभा

**झिलझिले, पुस १२।** शिवसताक्षी नगरपालिकामा रहेको छिमेकी बचत तथा ऋण सहकारी संस्थाको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

शिवसताक्षी नगरपालिकाका प्रमुख मेघाहाङ हाङ थोप्रा रोशनले दीप प्रज्ज्वलन गरेर साधारणसभाको उद्घाटन गरेका थिए । शिवसताक्षी नगरपालिकामा शेयर सदस्य संख्या, संस्थाको चुक्तापुँजी, पूर्वाधार तथा भौतिक संरचना, सेवाकेन्द्र र कर्मचारी संख्याको हिसाबले पनि यो संस्था ठूलो हो । १२औं वार्षिक साधारणसभादेखि संस्थाले आफ्नै भवनमा कार्यक्रमको आयोजना गर्दै वार्षिक साधारणसभा सम्पन्न गर्ने गरेको छ ।

२०६४ सालमा स्थापना भएको सो सहकारी संस्थामा तीन हजार नौ सय ५८ सदस्य संख्या छन् । आठ लाख शेयर पुँजीबाट कारोबार शुरु गरेको सहकारीको हाल १२ करोड ५४ लाख ९६ हजार चार सय शेयर पुँजी पुगेको संस्थाका कार्यकारी प्रमुख नरप्रसाद ओलीले जानकारी दिएका छन् । उनका अनुसार सहकारीले विभिन्न लक्षित कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ ।


सदस्य बचतमा उत्कृष्ट ब्याज र आर्थिक सुरक्षा, सरल र सुलभ ब्याज तथा लगानी, दुर्घटना बीमा, सिएस्सी कोष व्यवस्थापन तथा भइपरी सापटी कार्यक्रम, पेन्सन बचत स्वास्थ्य उपचार कोष तथा स्वास्थ्य बीमा कार्यक्रम, सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामुदायिक कार्यक्रमहरु सञ्चालन गर्ने गरेको ओलीले बताए ।

सहकारीको मूल्य-मान्यता र सिद्धान्तलाई आधार मानी संस्थाका शेयर सदस्यलाई गुणस्तरीय भरपर्दो विश्वशनीय वित्तीय तथा गैर वित्तीय सेवाको प्रवाह, सदस्यहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन गरी सदस्यको आर्थिक उन्नति अवलम्वन संस्थाको मुख्य लक्ष्य रहेको अध्यक्ष गणेश प्रधानले बताए ।

संस्थाका सदस्य गणेश घिमिरेले स्वागत गरेको कार्यक्रममा शिवसताक्षी नगरपालिकाका प्रमुख थोप्रा, उपप्रमुख नरमाया कार्की, ८ नम्बर वडाका वडाध्यक्ष सन्तकुमार फेउदिन, राष्ट्रिय सहकारी बैंकको दमक शाखा प्रमुख मुना केसी, गणेशमान सिंह अध्ययन प्रतिष्ठानका अध्यक्ष सन्तोषकुमार मेन्याङ्बो लगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण संस्थाका सचिव उदय प्रकाश राईले गरेका थिए । १६ गते साधारणसभाको बन्दसत्रसहित समापन हुने संस्थाका अध्यक्ष प्रधानले जानकारी दिएका छन् । सो कार्यक्रममा संस्थाका कार्यकारी प्रमुख ओलीले वित्तीय कारोबारको बारेमा विवेचना गरेका थिए ।

# क्रिसमसमा विविध कार्यक्रम



**बिर्तामोड, पुस १२।** इशाइ धर्मावलम्बीहरुको महान पर्व क्रिसमसको अवसरमा बिर्तामोड-४ स्थित इम्मानुएल आराधना चर्चले शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

इम्मानुएल आराधना चर्चका अध्यक्ष अनुत लिम्बूको अध्यक्षता तथा बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई संस्थाका अध्यक्ष जलकुमार गुरुङको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको स्वागत परिषद सदस्य मनकुमार तामाङले गरेका थिए ।

प्रमुख अतिथि गुरुङले सबै धर्म, जातजातिको बसोबास रहेको नेपाली समाज अनेकतामा एकता भएको र सबैले एकअर्कामा सामाजिक सद्भाव कायम राख्दै आफ्ना संस्कार-संस्कृतिको जगेर्ना गर्न पर्व उत्सव मनाउनु त्यसमा रमाउनु महत्वपूर्ण भएको बताए ।

पाश्चर नरेन राईले बाइबल प्रार्थना तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै परमेश्वर पुत्र मुक्तिदाता यशूख्रीष्टको जन्मोत्सवको सम्झनामा बडा दिनका रुपमा खुशी, हर्षोल्लास एवम् ईस्वी सम्वत् नयाँ वर्षको शुभकामना, सद्भाव व्यक्त गर्न यस दिन बर्षेनि ख्रीष्टमस मनाउने गरिएको बताए । उनले बाइबललाई धर्मग्रन्थको रुपमा मात्र नलिई सबैले अध्ययन गरेर यसको शिक्षाबाट जीवन सुधार गर्न आग्रह गरे ।

प्रमुख अतिथिबाट ब्यानर वाचन तथा क्रिसमस प्रार्थनाबाट शुरु भएको कार्यक्रममा क्रिसमस भजन, सन्थाल तथा विभिन्न जनजाति समुदायको सांस्कृतिक नृत्य, गीत प्रस्तुत गरिएको थियो । वि.सं.२०७७ सालमा स्थापनाको भएको उक्त संस्थामा सात सय सदस्य रहेको बताइएको छ ।

कार्यक्रममा प्रमुख अतिथि गुरुङ, सञ्चारकर्मी रत्नबहादुर बस्नेत लगायतले शुभकामना मन्तव्य राखेको कार्यक्रममा आगन एफएमका प्रबन्धक निर्देशक इन्द्रजीत मुखिया, राजु चेम्जोङ्ग, सरोज बर्देवा, जोसेफ लुइँटेल, उषा लोक्ताम लगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन नरेन राईले गरेका थिए ।

# जनता मावि उत्कृष्ट

**इटहरी, पुस १२।** सुनसरीको इटहरी उपमहानगरपालिकामा रहेको जनता माविलाई प्रदेश १ सरकारको सामाजिक विकास मन्त्रालयले उत्कृष्ट विद्यालयका रुपमा छनौट गरेको छ ।

सुनसरी जिल्लामै उत्कृष्ट व्यवस्थापन भएको सामुदायिक विद्यालयका रुपमा उक्त विद्यालयलाई छनौट गरी अनुदान समेत दिने घोषणा गरिएको छ । उक्त मन्त्रालयको प्रशासन तथा शैक्षिक योजना महाशाखाले उत्कृष्ट विद्यालयका रुपमा छनौटमा परेको जानकारीसहित प्रदेश सरकारले दिने सुविधा लिनका लागि प्रस्ताव पेस गर्न विद्यालयलाई पत्रचार गरेको छ ।

मन्त्रालयका उपसचिव कृष्णप्रसाद पोखरेलका अनुसार विद्यालयले प्रदेश सरकारबाट प्रोत्साहन स्वरुप रु. १४ लाख ५० हजार पाउनेछ । मन्त्रालयले आ. व. ०७९/०८० का लागि प्रत्येक जिल्लाबाट एक-एक वटा उत्कृष्ट व्यवस्थापन भएका सफल सामुदायिक माध्यमिक विद्यालयलाई प्रोत्साहन कार्य गर्ने कार्यक्रम अनुसार सुनसरीमा जनता माविलाई छनौट गरेको जनाएको छ ।


## विशेष छुटमा उपचार सेवा

**डा. पिताम्बर ठाकुर**
(MBBS, MD)
वरिष्ठ फिजिसियन

७० बर्ष उमेर नाघेको विरामीहरुको लागि विशेष छुटका साथ उपचार सेवा

- डाक्टर फि मा ५० प्रतिशत छुट ।
- प्याथोलोजी सेवामा २० प्रतिशत छुट ।

यो छुट दैनिक लागू हुनेछ ।

सम्पर्कः **ठाकुर पोलिक्लिनिक**
बिर्तामोड, पश्चिम बस स्टेण्ड, ०२३-५९०००८


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा

## कर्जा बुझाउन आउने बारे सूचना

*प्रकाशित मितिः २०७९/०९/१३*

यस संस्थाको बिर्ता-अर्जुन क्षेत्र अन्तर्गतका केही सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपसिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साावा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल :**

| क्र.स. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|
| १. | भिष्मप्रसाद शिवाकोटी | अर्जुनधारा-४ | लक्ष्मी प्र.शिवाकोटी | हरिप्रसाद शिवाकोटी | शान्ता शिवाकोटी | शनिश्चरे |
| २. | उद्धव बुढाथोकी | अर्जुनधारा-५ | पदमबहादुर बुढाथोकी | हरि ब. बुढाथोकी | रेविका पाण्डे | शनिश्चरे |
| ३. | उत्तमराज मल्ल | अर्जुनधारा-८ | दिपबहादुर मल्ल | अमृतबहादुर मल्ल | अमृता मल्ल | शनिश्चरे |
| ४. | इन्द्रमाया दर्जी | अर्जुनधारा-४ | चन्द्रबहादुर दर्जी | - | भक्तबहादुर दर्जी | शनिश्चरे |
| ५. | श्यामलाल दनुवार | अर्जुनधारा-६ | दर्पलाल दनुवार | रविलाल दनुवार | अनिता दनुवार मगर | शनिश्चरे |
| ६. | खगेन्द्र विश्वकर्मा | अर्जुनधारा-४ | भक्त बा.बिश्वकर्मा | लक्ष्मण विश्वकर्मा | तुलसा बिश्वकर्मा | शनिश्चरे |
| ७. | सुनिता गोश्वामी | अर्जुनधारा-८ | शिवशंखर गोश्वामी | जयहरिशखर गोश्वामी | प्रेम बुढाथोकी | शनिश्चरे |
| ८. | रमेश अधिकारी | बिर्तामोड-५ | लोकनाथ अधिकारी | श्रीकान्त अधिकारी | स्वेता अधिकारी | बिर्तामोड |
| ९. | तुलसी फुयाल | अर्जुनधारा-६ | मोहनलाल फुयाल | अभिनारायण फुयाल | बिमला फुयाल | बिर्तामोड |
| १०. | बिमला फुयाल | अर्जुनधारा-६ | जीतबहादुर कार्की | तिलप्रसाद कार्की | तुलसी फुयाल | बिर्तामोड |
| ११. | दलबहादुर भन्ने गोबिन्द कार्की | बिर्तामोड-४ | लोकबहादुर कार्की | जमान सिंह कार्की | खड्गकुमारी भट्टराई | सैनिकमोड |
| १२. | खड्गकुमारी भटराई | बिर्तामोड-४ | श्री कुमार भट्टराई | - | दलबहादुर भन्ने गोबिन्द कार्की | सैनिकमोड |
| १३. | यामकुमारी राई | बिर्तामोड-१० | जंगबहादुर राई | - | चन्द्रकुमार राई | सैनिकमोड |
| १४. | नरप्रसाद श्रेष्ठ | बिर्तामोड-१० | दलबहादुर श्रेष्ठ | नन्दलाल श्रेष्ठ | शोभादेवी श्रेष्ठ | सैनिकबजार |
| १५. | दुर्गादेवी न्यौपाने | बिर्तामोड-१० | कुलप्रसाद न्यौपाने | - | भगीरथ चुडाल | सैनिकबजार |
| १६. | राम लिम्बू | बिर्तामोड-१० | देवनारायण लिम्बू | हजारसिङ लिम्बू | चन्द्रकला लिम्बू | सैनिकबजार |
| १७. | शिवनारायण चौधरी | बिर्तामोड-१० | रविलाल चौधरी | अमरलाल चौधरी | दुर्गा दुलाल चौधरी | सैनिकबजार |
| १८. | लीलाबहादुर कुमाल | अर्जुनधारा-३ | पूर्णबहादुर कुमाल | ठूलोबलबहादुर कुमाल | स्व. कुमारी माया कुमाल | खुदुनाबारी |
| १९. | बिमला कटुवाल | अर्जुनधारा-३ | नरबहादुर भट्टराई | धनबहादुर भट्टराई | रामबहादुर कटुवाल | खुदुनाबारी |
| २०. | जीतनारायण श्रेष्ठ | अर्जुनधारा-२ | तोकबहादुर श्रेष्ठ | मननारायण श्रेष्ठ | लीला श्रेष्ठ | खुदुनाबारी |

**- एनएमसी बिर्ता-अर्जुन क्षेत्रीय उपसमिति**

## राहदानी हरायो

इलामको बिब्ल्याटेबाट इलाम बजार जाने क्रममा यही मिति २०७९।०८।०४ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- देवीमाया खड्का
**ठेगाना**:- फाक्फोक-१, इलाम
**राहदानी नं.**:- ०९८१३३२६
**फो नं.** : ९८०३४८१५६२


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।





सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुन्न पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तीर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, सुखद् खबर सुनिने छ । व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मनमा सन्ताप बढेर जानेछ, क्रोधलाई नियन्त्रणमा राख्नुहोला, अधिक खर्च हुने समय छ, मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।